दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ०७ | बुटवल | २०८१ पौष १७, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Jan 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

१२ वर्षीया बालिकाको बिहे गराएको आरोपमा दुई जना पक्राउ

लक्ष्मण घिमिरे
अर्घाखाँची

१२ वर्षीया नाबालिकाको विवाह गराएको अभियोगमा दुई जना पक्राउ परेका छन् ।

ललाई फकाई विवाह गराईदिने भूमिकास्थान नगरपालिका-९ की सकुन्तला सारु र विवाह गर्ने सन्धिखर्क नगरपालिका-८ का मुमाराम बिकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख (डीएसपी) चक्रबहादुर मल्लले जानकारी दिए ।

सकुन्तलाले काम लगाइदिने भन्दै १२ वर्षीया बालिकालाई घरमा बोलाएर मुमारामको जिम्मा लगाएको र त्यसपछि मुमारामले बालिकालाई सिंदुर पहिराएर घरमा भित्राएको भन्दै बालिकाको अंकलले जाहेरी दिएका थिए ।

बालविवाहसम्बन्धी जाहेरी परेपछि प्रहरीले घरमा छापा मारेर मुमारामलाई नियन्त्रणमा लिएको हो । अदालतबाट म्याद थप गरी घटनाको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

पार्टी ध्रुविकरणलाई तिब्रता : विप्लव

बुटवल । नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले तत्काल मित्र पार्टीहरूसँग मोर्चामा सहकार्य गर्दै क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिने निर्णय गरेको छ ।

गत २७ मंसिरदेखि २ पुससम्म कपिलवस्तुस्थित कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले उक्त निर्णय गरेको हो ।

मंगलबार राजधानीमा आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत् बैठकका निर्णयबारे औपचारिक जानकारी गराइएको छ ।पार्टीले आगामी संसदीय चुनाव २०८४ मा भाग लिने निर्णय पनि गरेको छ ।

'आगामी २०८४ को चुनावलाई राष्ट्रिय स्वाधीनता, उत्पीडित वर्ग, जाति, समुदाय, महिला, युवा विद्यार्थी र नेपाली विशेषताको समाजवादका पक्षमा प्रयोग गर्ने निर्णय गरिएको छ । त्यसका लागि जनतालाई स्पष्ट सन्देश दिन पार्टी दर्ता गरेर उपयुक्त चुनाव चिन्ह लिइनेछ ।'-वक्तव्यमा भनिएको छ ।

बैठकको निर्णयमा भनिएको छ-'क्रान्तिकारी पार्टीहरूसँग एकताको उद्देश्य राख्दै तत्काल मित्र पार्टीहरूसँग मोर्चामा सहकार्य गर्दै क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिने निर्णय गरिएको छ ।'

त्यस्तै बैठकले एकीकृत जनक्रान्तिका १० वर्षभित्र गरिएका अध्ययन, अनुसन्धान, प्रयोग र विकासलाई विचार संश्लेषणमा उठाउने निर्णय गरेको छ । त्यसका लागि पार्टीले सुव्यवस्थित बहस, अन्तरक्रिया गर्दै विशेष अधिवेशनको आयोजना गर्ने पनि निर्णय भएको छ ।

पार्टीले देशमा व्याप्त भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, सुकुम्बासी, मिटरब्याज, ऋण आतंकलगायतका मुद्दामा आगामी फागुन २१ गतेदेखि झापा-कञ्चनपुर जनमार्च सञ्चालन गर्ने निर्णय गरेको छ ।

गौतमबुद्ध विमानस्थल :

माघ १० देखि आरएनपी–एआर प्रणाली लागू हुँदै

हाल यांन्त्रिक विधि (आइएफआर) मा उडान गर्दा न्यूनतम भिजिबिलिटी १८०० मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९०० मिटर भिजिबिलिटी भए जहाज उडान र अवतरण गर्न सक्नेछन् ।

टिआर शर्मा
बुटवल

भिजिबिलिटीको समस्या समाधान गर्न गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रिक्वायर्ड नेभिगेसन पर्फर्मेसन-अथोराइजेसन रिक्वायार्ड (आरएनपी-एआर) प्रणाली लागू हुने प्रकृया अन्तिम चरणमा पुगेको छ ।

यसअघि लागू गर्ने भनिएको आईएलएस (इन्स्ट्रुमेन्टल ल्याण्डिङ सिस्टम) प्रणालीलाई भारतले अनुमति नदिएपछि भू-उपग्रहमा आधारित आरएनपी-एआर प्रणालीबाट जहाज उडान र अवतरण गराउन लागिएको हो ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार भू-उपग्रहमा आधारित आरएनपी-एआर एप्रोच विधिको ४२ दिने सूचना प्रकाशन भैसकेको हुँदा जनवरी २३ देखि लागू हुनेछ ।

मंसिर पहिलो सातादेखि उडान शुरु गरेका कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई र जजीराले भिजिबिलिटीको समस्या देखाउँदै एक महिना मात्रै उडान गरेर सेवा बन्द गरेका छन् ।

'आरएनपी-एआर प्रणाली जडान गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले ४२ दिने नोटिस यसअघि नै पब्लिस गरिसकेको छ, अब जनवरी २३ देखि लागू भएको मानिन्छ,' महाप्रबन्धक तिवारीले भने-'यो प्रणाली विमानस्थलमा कुनै उपकरण जोडेर लागू हुने नभई ए ३२० र ए ३३० स्तरका जहाजमा लागू हुने हो, ती जहाजमा आरएनपी-एआर प्रणाली लागू गर्न सकिने सिस्टम पहिल्यै हुन्छ, सबै जहाजमा यो प्रणाली हुँदैन ।'

आरएनपी-एआर प्रणाली लागू भए पनि विदेशी एअरलाइन्सका जहाजहरूले उडान र अवतरण गर्न भने समय लाग्ने तिवारीले बताए ।

यो विधि लागू गर्न विदेशी एअरलाइन्स कम्पनीहरूले सम्बन्धित देश र नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रावधान पूरा भएको आधारमा अनुमति लिनुपर्ने हुन्छ । त्यसपछि पाइलटहरूलाई यो विधिमा अवतरण गराउन तालिम (टेस्ट फ्लाइट) चाहिने हुँदा यी सबै प्रकृया पूरा गर्न समय लाग्ने तिवारीले खुलाए ।

'हाल गौतमबुद्ध यान्त्रिक विधि (आइएफआर) मा उडान गर्दा न्यूनतम भिजिबिलिटी १८०० मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९०० मिटर भिजिबिलिटी भए जहाज अवतरण गर्न सक्नेछन्,' तिवारीले भने-'यो विधि एउटा फ्लाइङ रुट हो, जसमा कुन डाइरेक्सन,कुन एङ्गलबाट जहाज एअरपोर्टमा ल्याण्ड गर्ने भन्ने पाइलटले फलो गर्नुपर्छ ।'

यो प्रविधि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यसअघि नै प्रयोगमा आइसकेको छ । यो प्रणालीले भिजिबिलिटीको कारणले उडान र अवतरणमा आइरहने अवरोध हटाउने तिवारीले बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको आरएनपी-एआर

प्रणालीले ११ सय मिटरको न्यूनतम भिजिबिलिटीमा काम गर्छ भने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ९०० मिटरको भिजिबिलिटीमा काम गर्ने उनले जानकारी दिए ।

भिजिबिलिटीको समस्या देखाउँदै उडान बन्द गरेको जजीराले फेब्रुअरी १ बाट र फ्लाई दुबईले १३ जनवरीबाट उडान गर्ने भनेका छन् । कतार एअरवेजले ३० नोभेम्बरसम्मको मात्र उडान अनुमति लिएको थियो । त्यसयता उडान गर्ने टुंगो छैन ।

अत्यावश्यक कार्यालय छिटो ल्याऊ : व्यवसायी

स्थानीय व्यवसायीले भने विमानस्थल राम्ररी चल्न आरएनपी-एआर प्रणाली लागू गरेर मात्र नपुग्ने औंल्याएका छन् ।

विमानस्थल राम्रोसँग चल्न श्रम स्वीकृति, मेडिकल जाँच, भिसा, म्यानपावर कम्पनीका शाखा, एअरलाइन्स कम्पनीका सम्पर्क कार्यालय भैरहवामा तत्काल खोल्नुपर्ने व्यवसायीको माग छ । यी कार्यालय नहुँदा श्रमिक तथा व्यवसायीलाई काठमाडौं नै धाउनुपर्ने बाध्यताले यात्रु अभावको बहानामा अन्तर्राष्ट्रिय उडानले निरन्तरता नपाउने आशंका व्यवसायीमा छ । 'भिजिबिलिटीको समस्या बाक्लो हुस्सु लाग्दा जाडो महिनामा मात्र हो, अरु महिनामा त मौसम सफा नै हुन्छ, त्यति बेला पर्याप्त यात्रु पाइएन भन्ने बहाना हुनसक्छ,' सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ भन्छन्-'सरकारले श्रम स्वीकृति, मेडिकल, विद्यार्थीको नो अब्जेक्सन सर्टिफिकेट लेटर जस्ता काम भैरहवामै हुने वातावरण तत्काल बनाउनुपर्छ ।'

भैरहवा विमानस्थलबाट जहाज चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेकाले कार्टेलिङ हटाउनुपर्ने, भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने पर्यटन व्यवसायी सञ्जय बजिमय बताउँछन् ।

टिकट बिक्रीमा भइरहेको कार्टेलिङ अहिलेकै अवस्थामा रहे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल दिगोरूपमा सञ्चालन हुनेमा शंकैशंका रहेको बजिमयले बताए ।

ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशहरु चीन, भियतनाम, म्यानमार, श्रीलंका, भुटान, जापानलगायतबाट सरकारले सिधा उडानको उच्चस्तरीय पहल गर्नुपर्ने बताउँछन् ।

लुम्बिनी प्रदेशसभा बैठक :

बाँके र बर्दियालाई कर्णालीमा गाभ्ने विषयमा आपत्ति

लुम्बिनी संवाददाता
दाङ

चौथो अधिवेसन अन्त्य भएको साढे तीन महिनापछि लुम्बिनी प्रदेशसभाको पाँचौं अधिवेशन सुरु भएको छ । मंगलबार पाँचौं अधिवेसन(हिउँदे)को पहिलो बैठक बस्यो । सभामुख तुलाराम घर्तीमगरले प्रदेश प्रमुख कार्यालयबाट प्राप्त भएका प्रदेशसभा अधिवेशन आह्वान, मन्त्रिपरिषद् पुनर्गठन, लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनबाट पारित भई प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणिकरण भएका विधेयक, पुनर्विचारको लागि फिर्ता गरिएका विधेयकसम्बन्धी पत्र पढेर सुनाए । सभामुख घर्तीले सभालाई कार्यव्यवस्था परामर्श समिति पुर्नगठन गरिएको समेत जानकारी दिए । संसदीय दलको सिफारिसको आधारमा पुर्नगठन गरिएको कार्यव्यवस्था परामर्श समितिमा तुलसीप्रसाद चौधरी, यमुना रोका तामाङ, जमुना ढकाल, निमा गिरी, इन्द्रजीत थारु, मिनाकुमारी श्रेष्ठ, राजकुमार चौधरी, सुमन शर्मा रायमाझी, हेमा वेल्वासे, भण्डारीलाल अहिर सदस्य रहेका छन् ।

बैठकमा बाँके र बर्दिया जिल्लालाई कर्णाली प्रदेशमा गाभ्नेगरी प्रतिनिधि सभा सदस्यले छलफल चलाएको भन्दै प्रदेश सभामा सो विषयले प्रवेश पायो । नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारु र नागरिक उन्मुक्ती पार्टीका प्रमुख सचेतक राजकुमार चौधरीले संविधान विरोधी गतिविधि भइरहेकोप्रति प्रदेशसभा र सरकारको ध्यानाकर्षण गराए । 'प्रतिनिधि सभा सदस्यले नै लुम्बिनी प्रदेशको औचित्यलाई असर पार्नेगरी बहस थाल्नु संविधान माथिको हमला हो । बाँके र बर्दियालाई कर्णालीमा लैजानेगरी छलफल चलाइएको विषयलाई कडारूपमा प्रदेश सरकारले प्रतिवाद गरोस्,' माओवादी केन्द्रका प्रमुख सचेतक थारुले भने-'यरी बहस थालिनु हाम्रो प्रदेश माथिको हमला हो । यस विषयलाई सरकारले गम्भीर रुपमा लिनुपर्छ ।'

यस्तै नागरिक उन्मुक्ती पार्टीका प्रमुख सचेतक राजकुमार चौधरीले पनि जनभावना विपरीत भइरहेका छलफलप्रति प्रदेशसभा र सरकारको ध्यानाकर्षण गराए । 'बाँके र बर्दियाका गाउँघरमा उकुसमुकुस छ । बाँके र बर्दियालाई कर्णालीमा गाभ्ने भन्ने कुरा छलफल चलाउनु जनभावना विपरीत छ,' उनले भने-'यस्ता बहसहरूलाई प्राथमिकता दिनु हुँदैन ।'

प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने प्रदेशसभा सदस्यहरूले जनतामा आशा जगाई राख्नेगरी सबैले संवेदनशिल भएर भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् । निराशाको खेतीले कसैलाई पनि फाइदा नगर्ने भन्दै आशा जगाउनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिइएको हो ।

नेकपा एमालेका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले एमाले र कांग्रेस नेतृत्वमा सरकार बनेपछि नागरिकमा आशाको सञ्चार भएको र त्यसलाई बचाईराख्नुपर्ने बताए । प्रदेश सरकारले गतिविधि बढाएको छ । प्रदेश सरकार मातहतका कार्यालयहरूलाइ क्रियासिल बनाएको छ । सरकार सुधारिएर अघि बढेको छ । विनियोजन गरेका धेरै आयोजना कार्यान्वयन चरणमा छन्,' चौधरीले भने-'हिउँदे अधिवेशनले सरकारलाई मार्ग निर्देश गर्नेछ । सबै मिलेर जनतामा देखेको निरासालाई उत्साह थप्नेगरी भूमिका बढाउनुपर्ने छ ।' नेपाली कांग्रेसकी प्रमुख सचेतक जमुना ढकालले दुई ठूला दल मिलेर सरकार बन्दा जनतामा विश्वास र उत्साह थपेको बताए । यस्तै उनले संघीय सरकारसँग अधिकार लिन प्रदेशले भूमिका बढाउनुपर्ने समेत बताएका छन् । 'प्रदेशलाई बलियो बनाउनेगरी संघीय सरकारको ध्यानाकर्षण गराउनुपर्ने छ । सरकारले गरेका राम्रा कामलाई राम्रा भन्न सक्नुपर्छ । कमिकमजोरी छन् भने सच्याउनेगरी जानुपर्छ,' उनले भने-'नागरिकका दैनिक समस्यालाई सरकारले सम्बोधन गर्न जरुरी छ ।'

सभालाई मिनाकुमारी श्रेष्ठ, सन्तोषकुमार पाण्डे, भगवती अधिकारी, तारा थापा, अम्बिका काफ्लेले सम्बोधन गर्दै दायित्व भुक्तानी हुनुपर्ने, स्वीकृत वार्षिक योजनाको कार्यान्वयनको गतिलाई बढाउनुपर्ने, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सामाजिक मन्त्रालयमा गाभिएको र कार्यक्रम कार्यान्वयन हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए । पाँचौं अधिवेशनको दोस्रो बैठक बुधबार दिउँसो १ बजे बस्नेछ ।

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश को सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
दिनेश फुल्लेल
अध्यक्ष (एवं)
यातायात मजदुर व्यवसायी भलाइकोष परिवार
बुटवल-४, हाटबजार, रुपन्देही

सम्पादकीय

शितलहरबाट कसरी जोगिने ?

पुष महिनाको मध्यमा तराईमा शितलहर सुरु भएको छ। अत्याधिक चिसो बढ्दा तराईको जनजीवन कष्टकर भएको छ। शितलहर दुई–तीन सातादेखि एक महिनासम्म चल्ने भएकाले यहाँको जनजीवन कष्टकर हुन्छ। शितलहरबाट नागरिकको जीवन कसरी जोगाउने ? सरकारको प्राथमिकता नागरिकको जीवन जोगाउन केन्द्रित हुनुपर्छ।

तराईमा जाडोमा अत्याधिक चिसो र गर्मीमा अत्याधिक गर्मी हुन्छ, जसले यहाँको जनजीवन अत्याधिक प्रभावित हुन थालेको छ। अत्याधिक चिसो र अत्याधिक गर्मीका कारण तराईमा जनजीवन अस्तव्यस्त हुँदा क्षति न्यूनीकरण गर्न सरकारको कार्ययोजना प्रष्ट छैन। शितलहरबाट नागरिकको जीवन जोगाउन तहगत सरकारबिच समन्वयात्मक भूमिका जति आवश्यक छ, गर्मीयाममा लाग्ने 'लू'बाट बचाउन प्रष्ट कार्ययोजनासहितको कार्यक्रम सञ्चालन हुनुपर्छ।

त्यसो त शितलहरबाट जोगाउन राज्यले गरेका केही कामको नतिजा देखिन थालेका छन्, त्यसलाई सकारात्मक मान्नुपर्छ। अहिले गरिब र सीमान्तकृत घरबारविहीन नागरिकलाई सरकारले 'जनता आवास कार्यक्रम' मार्फत् घर बनाइरहेको छ। घरबारविहीन घरपरिवारले अहिले सुरक्षित ओत पाइरहेका छन्। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत जेष्ठ नागरिकलाई मासिक दिने भत्ताले पनि उनीहरुको जीवनयापन सहज बनाउन सघाउ पुऱ्याएको छ। शितलहरले वर्षेनी केही दर्जन नागरिकको मृत्युका समाचार पछिल्ला वर्ष आउन छाडेका छन्। अहिले जे भइरहेको छ, त्यसले मात्रै नागरिकलाई सुरक्षित राख्न सकिन्छ भन्ने पटक्कै देखिँदैन्। इट्टा उद्योगलगायतमा काम गर्ने मजदुर चिसोमा धेरै प्रभावित हुँदै आएका छन्। इट्टा उद्योगमा काम गर्ने मजदुरका छोराछोरीसँगै रहने भएकाले उनीहरुको स्वास्थ्य जोखिममा छ। तराईमा दाउराको अभाव छ, अझै पनि गुँइठामा खाना पकाउनेहरु धेरै छन्। उनीहरुको जीवनस्तर सुधार गर्न खाली जग्गा र सार्वजनिक जग्गामा बिरूवा रोप्ने र हुर्काउने अभियान चलाएर दाउराको पूर्ति गर्न सकिन्छ।

कतिपय पालिकाले सीमान्तकृत र गरिब परिवारलाई खाना पकाउन ग्याँस चुल्हो बाँडे। कतिपयले सिलिण्डर समेत बाँडे। तर, पाएको ग्याँस सिलिण्डर सकिएपछि अर्को सिलिण्डर किन्न नसक्दा कार्यक्रमको प्रभावकारितामा प्रश्न उठ्यो। मुलतः उनीहरुको जीवनस्तर उकास्ने कार्यक्रमलाई जोड दिनुपर्छ।

विशेषगरी चिसोमा जेष्ठ नागरिक र बालबालिका प्रभावित हुने हुँदा उनीहरुलाई जोखिमबाट जोगाउन सचेतना कार्यक्रम चलाउनुपर्छ। सीमान्तकृत र गरिब परिवारलाई न्यानोमा राख्न पालिकाले दाउरा र न्यायो कपडा वितरण गर्न सक्छन्। बिरामी भएपछि उपचार गर्न आर्थिक अभावले सकेसम्म अस्पताल जान नखोज्ने संख्या ठूलो छ, अस्पताल जान नखोज्नेलाई अस्पतालको पहुँचसम्म पुऱ्याउने काम पनि पालिकाको हो।

संकटका बेला नागरिकले राज्य खोज्छ। यही बेला हो, राज्यले नागरिकप्रति आफ्नो भूमिका देखाउने। तहगत सरकारबिच समन्वय र सहकार्यबाट नै महामारीलाई सामना गर्न सकिन्छ भन्ने हामीलाई कोभिड महामारीले सिकाएको छ।

सालझण्डीमा नेपाल–भारत संयुक्त सैन्य अभ्यास

बुटवल। नेपालर भारतकाबिच हुँदै आएको सैन्य अभ्यास 'सूर्यकिरण'को १ ८औं संस्करण मंगलबारदेखि रुपन्देहीको सालझण्डीमा सुरु भएको छ। पुस २९ गतेसम्म जारी रहनेसैन्य अभ्यासमा जंगल युद्ध, भौगोलिक रुपमा अति कठिन स्थलमा आतंकवादीविरुद्धको अभियान, संयुक्त राष्ट्रसंघीय बडापत्रअनुरुप शान्ति स्थापना, मानवीय सहायता विपद् व्यवस्थापन एवं राहत परिचालन, आन्तरिक क्षमता विस्तार, वातावरण संरक्षणलगायत चुनौतीपूर्ण परिस्थितिमा सैन्य क्षमता अभिवृद्धिमा केन्द्रित हुनेछ।

सैन्य अभ्यासमा नेपाली सेनाको श्रीजंग बटालियन र भारतीय सेनाको ११औं गोर्खा राइफल्स सहभागी भएका छन्। अभ्यासबाट नेपाल र भारतबिचको मैत्री, विश्वास र साझा सांस्कृतिक सम्बन्ध अझ विस्तार हुनाका साथै दुई देशका व्यावसायिक सेनाको सहकार्य एवं सहयोग अझ सुदृढ हुने नेपाली सेनाको विश्वास छ।

वार्षिक रुपमा नेपाल र भारतमा आलोपालो गरी हुने विसं २०६७ बाट सैन्य अभ्यास सुरु भएको थियो। यो सैन्य अभ्यासमा हालसम्म नेपाली सेनाका ४ हजार २ सय १५ जना र भारतीय सेनाका ४ हजार ४ सय ४२ जना सैनिक सहभागी भएका छन्।

साई ग्लोबल कपः

लुम्बिनी इञ्जिनियरिङ र लुम्बिनी वाणिज्य विजयी

बुटवल। विश्व हिन्दु महासंघ जिल्ला शाखा रुपन्देहीलगायत क्रियाशिल ६ वटा संस्थाको साधारणसभा सम्पन्न भएको छ। विश्व हिन्दु महासंघ जिल्ला शाखा रुपन्देहीको २५औं, नव जागृती बहुउद्देश्यीय सामाजिक भवन ट्रष्ट को १७औं, श्री सिद्धबाबा दुर्गा भवानी शिवकुमारी वृद्धाश्रमको १५औं, नवजागृति पुस्तकालयको ५७औं, विश्व हिन्दु महासंघ महिला समितिको १८औं र विश्व हिन्दू महासंघ नगर समितिको १७औं साधारणसभा तथा वार्षिकोत्सव सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय विश्व हिन्दु महासंघका केन्द्रीय अध्यक्ष डाक्टर रामचन्द्र अधिकारीले हिन्दू धर्मको महत्व अझैं पनि उत्तिकै रहेको बताउँदै धर्म र संस्कार संस्कृतियुक्त समाज निर्माण गर्नुपर्नेमा अर्को विकल्प नरहेको बताए। उनलेहिन्दू धर्म निरपेक्ष राष्ट्र बनाउनु नेपालका लागि घातक भएको समेत बताए। त्यस्तै उनले रुपन्देहीमा रहेर विश्व हिन्दु महासंघ रुपन्देही शाखाले यस क्षेत्रको र राज्यकै प्रतिनिधित्व गरेर अत्यन्त सकारात्मक काम गरेको समेत दावी गरेका छन्।

कार्यक्रममा विशिष्ठ अतिथि विश्वहिन्दु महासंघ नेपाल लुम्बिनी प्रदेशका अध्यक्ष वेनबहादुर पौडेल क्षेत्रीले विश्व हिन्दु महासंघले देशमा धर्म र संस्कार संस्कृतिको जगेर्ना गर्न अगाडि बढेको बताउँदै रुपन्देही शाखाले अझ उत्कृष्ट काम गरेको बताए।

कार्यक्रममा बोल्दै विश्व हिन्दु महासंघ रुपन्देही शाखाका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठले आफूहरुले समाज सुधार र चेतना अभिवृद्धिका लागि गरेका कामहरुमा सहयोग पुऱ्याउने सम्पूर्ण शुभ चिन्तक केन्द्रीय समिति, प्रदेश समिति लगायत सम्पूर्णप्रति आभार व्यक्त गरेका थिए।

त्यस्तै कार्यक्रममा बोल्दै विश्व हिन्दु महासंघका केन्द्रीय सचिव पुनाराम पोखरेलले विश्व हिन्दु महासंघ देशको रक्षाका लागि र धर्म संरक्षणका लागि अत्यन्त महत्वपूर्ण भएको बताए।

कार्यक्रममा नवजागृति पुस्तकालयबाट स्थापित माधव निर्मला मास्के, महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कार, वरिष्ठ साहित्यकार रामचन्द्र भट्टराईलाई प्रदान गरिएको छ। कवि शिरोमणि लेखनाथ पौडेल पुरस्कार वरिष्ठ साहित्यकार चतुर्भुज आत्रेयलाई प्रदान गरिएको छ। सम्मानित व्यक्तित्व साहित्यकार रामचन्द्र भट्टराईले सौँच्चै नै देशमा सकारात्मक भाव ऊर्जा व्यक्त गर्नका लागि यस्ता कार्यक्रमले महत्व राख्ने र आफ्नो जीवनको उत्तरार्धमा संस्थाले गरेको सम्मानले आफू नतमस्तक भएको जनाए। त्यस्तै अर्का साहित्यकार चतुर्भुज आत्रेयले पनि आफू खुशीले हर्षविभोर भएको बताएका थिए।

कार्यक्रममा पुरस्कार समितिका संयोजक डाक्टर हिरण्यलाल ज्ञवालीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६औं जन्मजयन्तीको अवसरमा उनको परिचय र सम्मानित व्यक्तित्व रामचन्द्र भट्टराई तथा अर्का साहित्यकार चतुर्भुज आत्रेयका बारेमा जानकारी दिएका थिए। वरिष्ठ कविहरुको सम्मानमा साहित्यकारहरुलाई वार्षिक रूपमा ७ वटा पुरस्कार प्रदान गरिँदै आएको समेत उनले जानकारी दिए।

कार्यक्रममा विश्व हिन्दु महासंघ जिल्ला शाखा रुपन्देही, नवजागृति बहुउद्देश्यीय सामाजिक भवन ट्रस, सिद्धबाबा दुर्गा भवानी शिवकुमारी, सैंजु वृद्धाश्रम, जागृति पुस्तकालय, विश्व हिन्दु महासंघ महिला समिति तथा विश्व हिन्दु महासंघ, बुटवल नगर समितिको वार्षिक प्रतिवेदन कार्यक्रम समेत प्रस्तुत गरी सभाबाट पारित गरिएको छ। कार्यक्रममा नव जागृती बुलेटिन तथा ॐ ज्ञानज्योति पुस्तकको समेत विमोचन गरिएको थियो।

त्यस्तै विश्व हिन्दु महासंघ रुपन्देहीले गरिब अपाङ्गता भएका विद्यार्थीहरु लक्ष्मी माध्यमिक विद्यालय र ज्ञानोदय रात्रि माध्यमिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाई समेत छात्रवृत्ति प्रदान गरेको छ। र

यस्तै माधव निर्मला मास्के उच्च शिक्षा, छात्रवृत्ति बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत दलित छात्रा सुस्मिता नेपालीलाई प्रदान गरिएको छ। श्री सत्संग भजनका अध्यक्ष धर्मप्रसाद प्रसाईंलाई समेत सम्मान गरिएको हो।

त्यस्तै नियमित पाठक सम्मानको रुपमा जनजागृति पुस्तकालयका नियमित पाठक तुलसी घिमिरे पुष्पलाई सम्मान गरिएको छ। आजीवन सदस्यहरु संस्थाका कर्मचारी तथा पत्रकारलाई समेत सम्मान गरिएको हो।

आजीवन सदस्य प्रमाणपत्र प्राप्त गर्ने धर्मप्रसाद प्रसाईं, भगबहादुर विश्वकर्मा, ऋषि आजाद, चण्डीकाप्रसाद काफ्लेलाई समेत सम्मान गरिएको छ। कार्यक्रममा स्वस्ती बाचन कृष्णप्रसाद कोइरालाले गरेका थिए। कार्यक्रमको स्वागत विश्व हिन्दु महिला समिति रुपन्देहीका अध्यक्ष अम्बिका पौडेल क्षेत्रीले गरेकी थिइन भने सञ्चालन कार्यालय सचिव उर्मिला श्रेष्ठले गरेकी थिइन।

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७
दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस विनयी त्रिवेणी गाउँपालिका आर्थिक ऐन,२०७४को व्यवस्था तथा गाउँ कार्यपालिकाको मिति २०८१/०६/२१ गतेको निर्णय तथा जिल्ला विपद् समितिको निर्णयानुसार खोला खण्डको बगर क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदीजन्य पदार्थ तपशिल बमोजिम डम्पिंग भएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

तपशिल :

आय ठेक्का नम्बर	संकलन भएको स्थान	खोला खण्ड	परिमाण (घ.मि.)	न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक)	बोलपत्र जमानत रकम	बोलपत्र दस्तुर (रु.)	कैफियत
03/NCB/Rev/ BT/2081-082	सुनाहीतल्लो खण्ड,सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक	सुनाहही खोला माथिल्लो खण्ड	८७५२.८३	२७८२३५०.००	८३४७०.००	३०००.००	
04/NCB/Rev/ BT/2081-082	खोरंडी	खोरंडी खोला	५२८७.३७	१६८००५०.००	५०४२०.००	३०००.००	
06/NCB/Rev/ BT/2081-082	पुलमाथि, मझुवा र मसानमझुवा	मसान मजुवा देखि खुम्वारीसम्म	५२३६.४१	१६६४५५०.००	४९९३०.००	३०००.००	

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना दोस्रोपटक प्रकाशन भएको मितिले २०८१/१०/०३गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछतोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छतोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछबोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्टउल्लेख गर्नुपर्नेछअंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरणप्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोवाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोस्रो पटक सुचना प्रकाशित भएको मितिले २०८१/१०/०३ गतेका दिन दिनको १२:००बजे भित्र विधुतीय माध्यमबाटबोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/१०/०३ गते १:००बजे पछीविभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०९/२८गतेकादिन दिनको १:००बजे विनयी त्रिवेणीगाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको दोस्रो किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५०प्रतिशतले हुने रकम नेपाल राष्टबैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२साल भाद्रमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछदोस्रो किस्ता वापत ५०प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछसाथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) हटाउनेसन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन।यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामाबुझाउनु पर्ने छ।

२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिलेआफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथिउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसार को ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

८. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

९. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१०.ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,बालुवा उत्खनन,संकलन,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी,२००५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु, २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

११.उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१२.अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१३.अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

मेलामा जेष्ठ नागरिकलाई सम्मान

बुटवल । बुटवलको औद्योगिक व्यापार मेलामा जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । मेलामा मंगलबार जेष्ठ नागरिक मिलन केन्द्र रुपन्देही, तिलोत्तमा ४ श्रीइङ्गेश्वर धामका ४१ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको हो । जेष्ठ नागरिक मिलन केन्द्रबाट आएका जेष्ठ नागरिकलाई सम्मान गर्दै मेला आयोजक बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले मेलामा जेष्ठ नागरिकलाई सम्मान गर्न पाउँदा आफूहरुलाई पनि सन्तुष्टि मिलेको बताए ।

'सम्मानले जेष्ठ नागरिकमा पनि आत्मसम्मान हुने र प्राप्त भएको आत्मसम्माले उहाँहरुको दीर्घजीवन बनाउन मद्दत गर्ने भएकाले नौलो अभ्यासको थालनी गरिएको हो, आगामी दिनमा यसको दायरा अझैं फराकिलो बनाइने छ ।'-उनले ।

कार्यक्रममा जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष यदुनाथ पाण्डेले मिलन केन्द्रमा दिवा सेवा प्रदान गरिएको बताउँदै त्यसमा गराइने योग, ध्यानलगायतका क्रियाकलापले जेष्ठ नागरिकको स्वस्थ्य जीवन र दीर्घायुको लागि सकारात्मक भएको बताए ।

त्यसैगरी जेष्ठ नागरिक ९२ वर्षीय तुलसीराम पौडेल र ८१ वर्षीया मीना थापाले आफूहरु एकै उमेर समूहका मानिसलाई मिलन केन्द्रमा योग, ध्यान तथा आपसमा भलाकुसारी गर्ने अवसर प्राप्त हुँदा एक प्रकारको सन्तुष्टि मिलेको र मेलामा गरिएको सम्मानले आत्मसम्मानका साथै हौसला मिलेको भनाइ राखेका थिए । त्यस अवसरमा संघका वरिष्ठ उपाध्यक्ष तथा मेला कार्यसम्पादन समितिका सहसंयोजक टंकप्रसाद गैरे तथा मेलाका प्रवक्ता मुक्तिप्रसाद अधिकारीले आ-आफ्ना भनाइ राखेका थिए ।

'लगानी लुम्बिनीमा : समृद्धि देशमा' भन्ने मूल नारासहित बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा यहि पुसको ३ देखि सञ्चालित औद्योगिक व्यापार मेला १८ गतेसम्म चल्नेछ ।

मेलामा मंगलबार लोक तथा दोहोरी गायिका रीता थापा, खुमन अधिकारी, घनश्याम रिजाल, अर्जुन खड्का, नवराज पाण्डे, शिव खनाल, वर्षा थापा, मधु परियार, आधुनिक गायक अनिल पहाडीलगायतका कलाकारहरुको प्रस्तुति रहेको सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी गराए । त्यसैगरी डान्स च्याम्स अफ बुटवल र खुला लोक तथा दोहोरी गीत प्रतियोगिता भएका छन् ।

बुधबार आधुनिक गायिका देवीका बन्दना, अस्मिता अधिकारी, आधुनिक गायक महेश काफ्ले, लोक तथा दोहोरी गायिका राधिका हमाल, राजु ढकाल, पूर्णकला विसी, श्यामकला भण्डारी, दुर्गा सापकोटा, रितु शाही, बसन्ता खनाल, हास्य कलाकार पुरुषोत्तम भण्डारीलगायतका कलाकारहरुको प्रस्तुति रहनेछ । त्यसैगरी बुधबार फाइनल हुन बाँकी रहेका प्रतियोगिताहरुको फाइनल हुनेछ । मेलामा बुधबार खुल्ला लोक तथा दोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, डान्स च्याम्स अफ बुटवल र टिकटक प्रतियोगिताको फाइनल हुने प्रचारप्रसार समितिका संयोजक दीपक चापागाईले जानकारी गराए । मेला १८ गते बिहीबार सकिनेछ ।

मगर संघ रूपन्देहीमा नयाँ नेतृत्व

बुटवल । नेपाल मगर संघ जिल्ला समन्वय समिति रुपन्देहीको पुष १४ गतेदेखि सुरु भएको २३औं जिल्ला अधिवेशन २५ सदस्यीय नयाँ नेतृत्व चयन गर्दै बुटवलमा सम्पन्न भएको छ । अधिवेशनले थर्कबहादुर बारघरे मगरलाई सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको छ ।

